आज मिति २०७६ साल मंसिर २३ गते सोमबारका दिन बेसीशहर नगरपालिकाका प्रमुख श्री गुमानसिंह अर्यालको अध्यक्षता नगर कार्यपालिकाको बैठक बसी निम्न बमोजिम उपस्थितीमा निम्न बमोजिम छलफल गरी निर्णयहरु गरियो ।

उपस्थिति

१) प्रमुख श्री गुमान सिंह अर्याल
२) उपप्रमुख श्री लक्ष्मी देवी अधिकारी
३) वडा अध्यक्ष वडा नं १ श्री बलराम श्रेष्ठ
४) " " " श्री गणेशबहादुर कडेल खत्री
५) " " " श्री सूर्य कुमार श्रेष्ठ
६) " " " श्री लालविर गुरुङ
७) " " " श्री बम बहादुर गुरुङ
८) " " " श्री भोजबहादुर रिमाल
९) " " " श्री गोविन्द बहादुर बस्नेत
१०) " " " श्री पवित्रा थापा राना
११) " " " श्री शरद बराल
१२) " " " श्री पूर्णबहादुर थापा
१३) " " श्री अच्युत बहादुर कार्की
१४) कार्यपालिका सदस्य श्री विष्णु माया राना
१५) श्री दोजबहादुर खवास
१६) श्री मन्दिरा देवाई
१७) श्री देवबहादुर गहतराज
१८) श्री अजय मजाकोटी
१९) श्री ममाया गुरुङ
२०) श्री कृष्ण नेपाली
२१) श्री आशा तामाङ
२२) सदस्य सचिव श्री मोहन प्रसाद भट्टराई
२३) कार्यक्रम अधिकृत श्री भूपेन्द्र पोखरेल
२४) अधिकृत श्री ईश्वर कमल श्रेष्ठ
२५) दुध प्रसाद घले, परामर्शदाता, बेनपालेजेग.

सहजकर्ता

## कार्यपालिकाको मिति २०७६ मंसिर २३ गतेको (४३ औं) बैठकका प्रस्तावित निर्णयहरु

**निर्णय नं. १ : लागत साझेदारी अन्तर्गत सामुदायिक भवन तर्फका योजना छनौट सम्बन्धमा ।**

चालु आव २०७६।०७७ मा सामुदायिक भवन लागत साझेदारी शिर्षक अन्तर्गत स्थानीय समुदायको ५० प्रतिशत र नगरपालिकाको ५० प्रतिशत लागत साझेदारीमा निर्माण तथा स्तरोन्नति गरिने सामुदायिक भवनतर्फका योजनाहरुको सम्बन्धमा छलफल हुँदा नगरपालिकाले गरेको सार्वजनिक सूचना अनुसार निवेदन पेश गरे मध्येबाट देहायका योजनाहरुको लागि देहाय अनुसारको रकम विनियोजन गर्ने निर्णय गरियो ।

देहाय :

| क्र.सं. | योजनाको नाम | वडा नं. | स्थान | विनियोजित बजेट रु |
|---|---|---|---|---|
| १ | नेपाल मगरसंघ इकाइ भवन | ८ | बेसीशहर | ३००००० |
| २ | रतनपुर टोल सुधार संस्थाको सभाहल | १ | रतनपुर | २००००० |
| ३ | चेतनशिल आमा समुह सामुदायिक भवन | ७ | बुढाथर | ३५०००० |
| ४ | चिती सामुदायिक भवनको बांकी काम | ११ | साविक चिती ३ | १००००० |
| ५ | लक्ष्मी नारायण मन्दिर परिसरमा शौचालय | ११ | साविक चिती २ | ५०००० |
| ६ | सफल आमा समुह भवन निर्माण | ६ | चनौटे, चामे मार्ग | ४००००० |
| ७ | उन्नती महिला समुह भवन निर्माण | १० | कुप्लिङ | १००००० |
| ८ | तमु गुरूङ कल्याण समितिको भवन निर्माण | ८ | सेराबजार | ४००००० |
| ९ | हिमालचुली आमा समुह भवन निर्माण | १० | देउजनथोक | २००००० |
| १० | देबी महिला समुह भवन निर्माण | १० | बेसी भाचोक | ४००००० |
| ११ | प्रगति आमा समुह भवन निर्माण | १० | सिरुवारी | ४००००० |
| १२ | कोलडांडा सामुदायिक सभाहल निर्माण | ११ | रामचोकबेसी | ४००००० |
| १३ | पोखरीटोल विकास संस्थाको भवन निर्माण | ९ | विम्दाबेसी | ५००००० |
| १४ | शान्ती आमा समुह भवन निर्माण | ७ | सुयलथोक | ३५०००० |
| १५ | कालिका सामुदायिक भवन निर्माण | ९ | दिहीथोक | १००००० |
| १६ | लक्ष्मीनारायण सामुदायिक पुस्तकालय हल निर्माण | ८ | भिंगेखोला | १००००० |
| १७ | अमरज्योती आमा समुह सामुदायिक भवन | ६ | भलामसेरा | ३५०००० |
| १८ | प्रगतिज्योती नागरिक आमा समुह भवन निर्माण | १० | खाँचे | २००००० |
| १९ | कालिका आमा समुह भवन निर्माण | ३ | दनाईगाउँ | ३५०००० |
| २० | ह्युल्स ह्यों गुम्बा अतिथि भवन निर्माण | ७ | चण्डीडाँडा | १५०००० |
| २१ | स्वालम्बी भवन मर्मत तथा शौचालय निर्माण | १ | देउराली डाँडा | २००००० |
| २२ | जागृति आमा समुह भवनमा फर्निचर | १ | नयागाउँ | १००००० |
| २३ | भेडखर्क सामुदायिक वन उपभोक्ता समुह | ३ | दारेगौंडा | १००००० |
| २४ | मिलन आमा समुह भवन निर्माण | १ | नयागाउँ | ३००००० |
| २५ | लेते आमा समुह तथा टोल समितिभवन निर्माण | १० | खासुर लेतेफाँट | ४००००० |
| २६ | चिसापानी सामुदायिक भवन निर्माण | २ | चिसापानी | ४००००० |
| २७ | नेवार समाज गुठी भवन निर्माण | २ | ढाँडहटिया | १००००० |
| | जम्मा | | | ७०,००,००० |

**निर्णय नं. २ : लागत साझेदारी अन्तर्गत सडक कालोपत्रे तर्फका योजना छनौट सम्बन्धमा ।**

चालु आव २०७६।०७७ मा स्थानीय उपभोक्ताहरुको ४० प्रतिशत र नगरपालिकाको ६० प्रतिशत लागत साझेदारीमा सडक कालोपत्रे गर्ने कार्यको लागि स्थानीय उपभोक्ताको माग वमोजिम देहायका सडकहरुमा देहाय वमोजिमको रकम लागत साझेदारीमा सडक कालोपत्रे शिर्षकबाट विनियोजन गर्ने निर्णय गरियो ।

**देहाय :**

| क्र. सं | सडक योजनाको नाम | ठेगाना | कुल ल.इ. | नगरपालिकाले व्यहोर्ने रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | ठमेलमार्गको गाउँशहर चोक देखि ठाकुर बरालको घडेरीसम्मको सडक कालोपत्रे | बेसीशहर- ८ | १५५८०२५ | ९४४०२५ | |
| २ | वाणिज्य मार्ग सडक कालोपत्रे | बेसीशहर-७ | १५६६४९५ | ९४९१५७ | |
| ३ | चक्रपथदेखि लिल बहादुर रिमालको घरसम्मको सडक ढलान | बेसीशहर-८ | ४२९३८० | २६०१६६ | |
| ४ | काजीगाउँ सुयेल गाउँ सडक ढलाल | बेसीशहर-८ | २३३०९३४ | १४१२३३९ | |
| ५ | रिडरोडदेखि मर्स्याङ्दी क्याम्पसगेट सम्मको सडक कालोपत्रे | बेसीशहर-७ | २३२५२५४ | १४०८८९८ | |
| ६ | कान्लेमार्ग आरसिसी ढलान (युनिभर्सलचोक) | बेसीशहर- ७ | ५२६५२७ | ३१९०२९ | |
| ७ | राममन्दिरदेखि २ नं वडा कार्यालयसम्मको सडक | बेसीशहर-२ | २८५०९६७ | १७२७४३३ | |
| | जम्मा | | | ७०२१०४७ | |

**निर्णय नं. ३ : पर्यटन पूर्वाधार विकासतर्फको योजना छनौट सम्बन्धमा ।**

नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको मिति २०७६।०७।२१ च.नं १२३ को प्राप्त पत्रानुसार (खर्च शिर्षक नं : ३११५९, खर्च शिर्षकको नाम : अन्य सार्वजनिक निर्माण, ब.उ.शि.नं : ३२५०११०/ पूँजीगत) पर्यटन पूर्वाधार विकास कार्यक्रमतर्फ यस बेसीशहर नगरपालिकालाई प्राप्त हुने २५ लाख बजेटबाट नगरपालिका मार्फत कार्यान्वयन हुने गरी देहायका योजनाहरु छनौट गर्ने निर्णय गरियो ।

| क्र.सं | पर्यटन पूर्वाधार योजनाको नाम | ठेगाना | विनियोजित रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | कर्पुरेश्वर पार्क निर्माण तथा स्तरोन्नति | बेसीशह नपा ८ | २०,०००,०० | |
| २ | काउलेपानी सामुदायिक भवन परिसरमा शौचालय निर्माण तथा अन्य निर्माण सुधार | बेसीशहर नपा ३ | ५,००,००० | |

**निर्णय नं. ४ : शिक्षा नियमावली संशोधन सम्बन्धमा ।**

नगरपालिकाको मिति २०७४।१०।१५ को नगरसभाबाट पारित बेसीशहर नगरपालिका शिक्षा नियमावली,२०७४ को परिच्छेद ५, नियम २८, उप नियम १ को (क) (ख), (ग) (घ) (ङ) (च) (छ) (ज) र (झ) झिकी सो को सट्टा देहाय वमोजिम राख्ने निर्णय गरियो ।

(क) अभिभावक मध्येबाट निर्वाचित एक जना महिला, एक जना दलित सहित चार जना सदस्य

(ख) वडा अध्यक्ष वा वडा अध्यक्षले तोकेको वडा सदस्य मध्येबाट एक जना सदस्य

(ग) नगरपालिका शिक्षा समितिबाट मनोनित बुद्धिजीवी,समाजसेवी, चन्दादाता, जग्गादाता

मध्येबाट १ जना — सदस्य
(घ) सम्बन्धित विद्यालयको शिक्षक प्रतिनिधि एक जना — सदस्य
(ङ) विद्यालय व्यवस्थापन समितिबाट मनोनित एक जना विद्यार्थी — सदस्य
(च) विद्यालयको प्रधानाध्यापक — सदस्य सचिव

पुनश्च : उपरोक्त (क) र (ग) को हकमा वहालवाला शिक्षक कर्मचारीहरु बस्न पाइने छैन ।

**निर्णय नं. ५ : सञ्चालन भै रहेका क्रसर उद्योगहरुलाई सञ्चालनको लागि निरन्तरता दिने सम्बन्धमा**

बेसीशहर नगरपालिका भित्र सञ्चालनमा रहेका देहायका २ वटा क्रसर उद्योगहरु बन्द गर्न जिल्ला प्रशासन कार्यालयले परिपत्र गरेपछि बन्द रहेको कारण निर्माण सामाग्रीको अभावमा निर्माण कार्य प्रभावित हुन गएको अवस्थामा ढुङ्गा, गिटी बालुवा उत्खनन्, संकलन, क्रसिङ, बिक्री वितरण तथा क्रसर उद्योग स्थापना र सञ्चालनलाई व्यवस्थित गर्ने कार्यविधि २०७५ अनुसार क्रसर उद्योग सञ्चालनका लागि स्थानीय पालिकाबाट अनुमति लिनु पर्नेमा हालसम्म अनुमति लिएको पनि नदेखिएको हुनाले प्रदेश ऐन वमोजिम मापदण्ड पुऱ्याई क्रसर उद्योग सञ्चालन गर्न यस आर्थिक बर्षको २०७७ असारसम्म समय दिई हाललाई जे जस्तो अवस्थामा छ सोही अवस्थामा उद्योग सञ्चालन गरी निर्माण सामाग्रीको सहज र सरल आपूर्ती गर्ने गराउने गरी क्रसर उद्योग सञ्चालन गर्न अनुमति दिने निर्णय गरियो ।

**देहाय**

१.श्री लमजुङ क्रसर एण्ड कन्स्ट्रक्सन (सञ्चालक निर्मल जङ घले) बेसीशहर नपा १
२.श्री त्रिवेणी रोडा ढुंगा एण्ड ब्लक उद्योग (सञ्चालक : दिपेश श्रेष्ठ) बेसीशहर नपा १

**निर्णय नं. ६ : प्रत्येक वडामा मेलमिलाप समिति गठन गर्ने सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन २०७४ अनुसार यस नगरपालिकाका सवै वडामा मेलमिलाप समिति गठन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ : गैरी क्याम्पसमा युवा लक्षित प्राविधिक तथा सीपमूलक तालिम सञ्चालन गर्ने सम्बन्धमा ।**

बेसीशहर नगरपालिकद्वारा लमजुङ सीप विकास प्रतिष्ठान गैरी क्याम्पससंगको साझेदारीमा युवा लक्षित प्राविधिक तथा सीपमूलक तालिम सञ्चालन गर्नको लागि प्रकाशित सूचना वमोजिम पर्न आएका निवदेनहरुको सम्बन्धमा गत कार्यपालिकाको बैठकको निर्णय समेतको आधारमा अन्तर्वार्ता गरी सहभागी छनौट गर्नको लागि देहाय वमोजिमको छनौट समिति गठन गर्ने निर्णय गरियो ।

**देहाय :**

१.दिपक न्यौपाने,निर्देशक लमजुङ सीप विकास प्रतिष्ठान गैरी क्याम्पस
२.मेघेन्द्र पोखरेल, कार्यक्रम अधिकृत बेसीशहर नगरपालिका
३.शर्मिला श्रेष्ठ, इन्जिनियर, बेसीशहर नगरपालिका

**निर्णय नं. ८ : सार्वजनिक नीजि साझेदारी नीति सम्बन्धमा**

बेसीशहर नगरपालिका भित्रका प्राविधिक तथा आर्थिक हिसावले ठूला प्रकृतिका दीर्घकालिन महत्व राख्ने पर्यटन पूर्वाधार तथा अन्य पूर्वाधारजन्य योजनाहरु सम्पन्न गर्न नगरपालिका एक्लैको प्राविधिक क्षमताले नसक्ने तथा आर्थिक लगानीले समेत नभ्याउने हुँदा त्यस्ता योजनाको कार्यान्वयन र लाभ बाँडफाँडमा समेत नीजि क्षेत्रसंग साझदारी गर्नको लागि बेसीशहर नगरपालिकाको सार्वजिनक नीजि साझेदारी (Public Private Partnership ) नीति पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९ : क्रसरबाट निस्कने धुलो विक्रीको लागि दस्तुर तोक्ने सम्बन्धमा ।**
बेसीशहर नगरपालिका क्षेत्रमा सञ्चालित क्रसर उद्योगबाट निस्कने धुलोको नगरपालिकाले लिने विक्री दस्तुर प्रति टिप्पर रु ५००।- (पाँच सय मात्र) तोक्ने निर्णय गरियो ।

**निर्णय नं. १० : निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने सम्बन्धमा ।**
यस बेसीशहर नगरपालिकामा घ बर्गको निर्माण व्यसायी इजाजतपत्रको लागि प्राप्त भएका दरखास्तको सम्बन्धमा न्यूनतम योग्यता पुगेका देहायका निर्माण व्यवसायी फर्म/कम्पनीलाई घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने निर्णय गरियो ।

**देहाय :**

१.शामरक कन्स्ट्रक्सन एण्ड डेभलपमेण्ट प्रा.लि., बेसीशहर नगरपालिका-८

२.कान्छा सफारी कन्स्ट्क्सन, बेसीशहर नगरपालिका-३

**निर्णय नं. ११ : फुटकर योजना/कार्यक्रम सम्बन्धमा ।**
देहाय वमोजिमका योजना तथा कार्यक्रमहरुको लागि देहाय वमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो ।

| क्र.सं | योजना/कार्यक्रम | ठेगाना | विनियोजित रकम रु | बजेट शिर्षक/उपशिर्षक |
|---|---|---|---|---|
| १ | नाल्मा खेलमैदान स्तरोन्नति | बेसीशहर नपा ५ | २५०००० | पूर्वाधार विकास फुटकर योजना |
| २ | कालिका मिलन मावि मञ्च निर्माण | बेसीशहर नपा २, चिसापानी | २००००० | पूर्वाधार विकास फुटकर योजना |
| ३ | हेलिप्याड निर्माण | बेसीशहर नपा ५ | २००००० | हेलिप्याड निर्माण |
| ४ | हेलिप्याड निर्माण | बेसीशहर नपा ६ | २००००० | हेलिप्याड निर्माण |
| ५ | भक्ति नमुना क्याम्पस स्रोन्नति सहयोग (ज्ञान महायज्ञ) | सुनपा ८, भोटेओडार | ५०००० | २५३११/शैक्षिक संस्थाहरुलाई सहायता |
| ६ | महेन्द्र मन्दिर मावि स्तरोन्नति सहयोग (ज्ञान महायज्ञ) | सुनपा २, परेवाडाँडा | ५०००० | २५३११/शैक्षिक संस्थाहरुलाई सहायता |
| ७ | घर नम्बरिङ प्लेटको भुक्तानी कृष्ण गुरुङ | बेसीशहर ८ | ६५००० | पूर्वाधार विकास फुटकर योजना |

**निर्णय नं. १२ : मालपोत कार्यालयको पार्टिसन सम्बन्धमा**
नापी कार्यालयको नव निर्मित भवन बेसीहशहर नगरपालिकाले प्रयोजनमा ल्याएको र जिल्ला मालपोत कार्यालयको भवनमा नापी कार्यालय समेत व्यवस्थापन गरिएको स्थितिमा मालपोत कार्यालयको तेश्रो र भूईंतलामा कार्यकक्ष व्यवस्थापनको लागि पार्टिसन गरिदिन आवश्यक भएको हुँदा लागत इष्टिमेट तयार गरी प्रक्रिया वमोजिम कार्य अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं. १३ : क्षयरोग सम्पर्क व्यक्ति तोक्ने सम्बन्धमा**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं १७१, मिति २०७६।८।८ को प्राप्त पत्रानुसार बेसीशहर नगरपालिकाबाट सञ्चालन हुने क्षयरोग नियन्त्रण सम्बन्धी गतिविधिहरुको योजना, अनुगमन, मूल्यांकन, क्षयरोग निदान तथा उपचार सेवालाई व्यवस्थित गर्ने कार्यको लागि यसै नगरपालिकाको स्वास्थ्य शाखामा कार्यरत जनस्वास्थ्य निरीक्षक श्री मनोजसिंह बोहरालाई क्षयरोग सम्पर्क व्यक्ति तोक्ने निर्णय गरियो ।

**निर्णय नं. १४ : गैर सरकारी संस्थाको परियोजना प्रस्ताव सम्बन्धमा ।**

ग्रामीण अपाङ्ग समाज- नेपाल नामक गैर सरकारी संस्थाले आव २०७६।७७ मा सञ्चालन गर्ने गरी बेसीशहर नगरपालिका क्षेत्रभित्र युवा अपाङ्गहरुको लागि सहायक सामाग्री वितरण तथा अपांगता भएका व्यक्तिहरुको बच्चाहरुको लागि शैक्षिक कार्यक्रम सम्वन्धि कुल बजेट रु १७,८४,०००।- रहेको परियोजना प्रस्ताव पेश गरेको हुँदा उक्त परियोजना प्रस्ताव स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५ : लमजुङ दरबार क्षेत्रको लागि विनियोजित रकम सम्बन्धमा**

बेसीशहर नगरपालिका वडा नं ३ गाउँशहर स्थित लमजुङ दरबार क्षेत्रको लागि गण्डकी प्रदेश सरकारबाट विनियोजित बजेटबाट देहायका योजनाहरुको लागत इष्टिमेट तयार गरे पश्चात कार्यपालिकाको आगामी बैठकबाट विनियोजन गर्ने निर्णय गरियो ।

**देहाय :**

१. चण्डीको चण्डीस्थान मर्मत सम्भार तथा संरक्षण ।
२. सडक गेटदेखि दरबार गेटसम्मको अधुरो सिंढी पुरा गर्ने ।
३. दरबार गेट निर्माण गर्ने ।
४. दरबार परिसरभित्र ट्रष्ट निर्माण गर्ने ।

**निर्णय नं. १६ : विविध/ जग्गा तथा गोदाम भाडाको संझौता नविकरणको रकम सम्बन्धमा ।**

कृषि सामग्री कम्पनी लिमिटेडको नाममा बेसीशहर नगरपालिका वडा नं ८ सेरास्थित खाली जग्गा तथा गोदाम भाडाको संझौताको म्याद २०७६।५।३१ मा समाप्त भएको हुँदा कृषि सामग्री कम्पनी लिमिटेडको मिति २०७६।५।१६ को पत्र समेतका आधारमा साविकको भाडा रकममा २५% ले बृद्धि गरी भाडाकर सहित बार्षिक रु. ९२,०००।- (बयाननब्बे हजार मात्र) मा पुन: २ वर्षका लागि संझौता नविकरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७ : विविध/साविक बेसीशहर गाविसको कार्यालय भवनको भाडा रकम तथा मर्मत खर्च सम्बन्धमा**

आव २०७५।०७६ को लागि साविक बेसीशहर गाविसको कार्यालय भवनको भाडा दर मासीक रु. ६३,५००।- (त्रिसठ्ठी हजार पाँच सय मात्र) तोकी दुई पक्ष विच संझौता समेत भएकोमा सो भवनको एक सटर नगरपालिकाले सामुदायिक प्रहरी सेवालाई उपलब्ध गराएको कारण भाडादर संशोधन गरीपाउँ भन्ने निवेदन पर्न आई नगरप्रमुखको तोक आदेशबाट मासीक रु. ५८,०००।-(अन्ठाउन्न हजार मात्र) कायम गरिएको व्यहोरालाई अनुमोदन गर्ने निर्णय गरियो । साथै सो भवन मर्मत सम्भार गर्दा लागेको खर्च रु. १,६१,१५०।- (एक लाख एकसठ्ठी हजार एक सय पचास मात्र) नगरपालिकाबाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८ : विविध/ एक भन्दा वढी वडा हेर्ने वडा सचिवको सुविधा सम्बन्धमा ।**

यस नगरपालिकामा एक भन्दा बढी वडाको कार्य जिम्मेवारी हेर्ने वडा सचिवलाई थप जिम्मेवारी दिए वापत प्रति वडा मासीक रु ३०००।- का दरले प्रोत्साहन रकम (भत्ता) मिति २०७६ साउनबाट लागु हुने गरी उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १९ : विविध/स्वास्थ्य संस्थामा रिक्त रहेका दरबन्दीमा कर्मचारी माग गर्ने सम्बन्धमा ।**

स्वास्थ्य तर्फका कर्मचारीहरुको समायोजन पश्चात यस बेसीशहर नगरपालिका भित्रका स्वास्थ्य संस्थाहरुमा स्वीकृत दरबन्दी अनुसार स्वास्थ्यकर्मीहरु रिक्त रहन गएको हुँदा सेवा प्रावहमा कठिनाई उत्पन्न भएकोले आवश्यक जनशक्ति उपलब्ध हुने व्यवस्थाको लागि सम्वन्धित निकायको ध्यानाकर्षण गराउने निर्णय गरियो ।

**निर्णय नं. २० : विविध/नवीकरणीय ऊर्जा तर्फको कार्यक्रम सम्बन्धमा।**
चालु आव २०७६।०७७ को लागि सशर्ततर्फको नवीकरणीय ऊर्जा प्रविधि मार्फत ऊर्जा उत्पादन र परिप्रयोग शिर्षकमा प्राप्त बजेट रु १३ लाख २५ हजार बाट ६ वटा वडा कार्यालयहरुमा सौय ऊर्जा प्रविधि जडान गरी बाँकी रहन गएको बजेट रु. ४ लाखबाट नगरपालिका भित्रका घरधुरीहरुमा धुवाँरहित चुलो जडान गर्ने निर्णय गरियो।

**निर्णय नं. २१ : विविध/विद्युत हेर्ने प्राविधिक करारमा लिने सम्बन्धमा।**
बेसीशहर नगरपालिका भित्र विद्युत हेर्ने प्राविधिक आवश्यक रहेको हुँदा सो सम्बन्धी प्राविधिक सेवा करारमा लिने निर्णय गरियो।

**निर्णय नं. २२ : विविध/वडास्तरीय योजनाहरुको संशोधन सम्बन्धमा**
वडास्तरीय योजनाहरुको सम्बन्धमा देहायका योजनाहरु देहाय अनुसार संशोधन गर्ने निर्णय गरियो।

(क).वडा नं ९ को योजना अन्तर्गत क्रमसंख्या १११ को विविध शिर्षकमा विनियोजित रकममध्येबाट गैरीटोल स्थित कालिका मन्दिर जाने सडकमा रु ५००००।- (पचास हजार) विनियोजन गर्ने।

(ख) वडा नं ८ को योजना अन्तर्गत क्रमसंख्या ९९ मा फूलबारीमा बास्केट बल कोर्ट निर्माणतर्फ विनियोजित रु २ लाख बजेटबाट उक्त योजनको सट्टा देहायका योजना कार्यान्वयन गर्ने

| | |
|---|---|
| १. भीमसेनस्थान पार्क मर्मत | रु १,५०,०००।- |
| २. झिंगेखोला स्थित कालिका मन्दिर निर्माण | रु ५०,०००।- |